annapurnapost.com
# अन्नपूर्ण पोस्ट

२०८२ | जेष्ठ कृष्णपक्ष त्रयोदशी नेपाल संवत् ११४५ | SUNDAY, MAY 25, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०




कभर स्टोरी

# ‘कुलिङ पिरियड’ ले बेचैन निजामती नेतृत्व

पदमा हुँदा राजनीतिक लाइन मिलाउने, अनि सेवा निवृत्त लगत्तै फ्याट्ट संवैधानिक र राजनीतिक नियुक्ति लिने, विगतमा यसले विकृतिकै रूप लियो । अझ कतिपयले त एक हातमा अवकाश अर्को हातमा नयाँ नियुक्ति पनि लिए । त्यसैकारण राज्य व्यवस्था समितिले निजामती सेवाबसम्बन्धी विधेयकमा सेवा निवृत्त भएको दुई वर्षपछि मात्रै संवैधानिक र राजनीतिक नियुक्ति लिन पाउने समय (कुलिङ पिरियड) को व्यवस्था गऱ्यो । समितिको यो निर्णय हटाउन निजामती नेतृत्व नेताहरूको घरदैलोमा लागेको छ । निजामती नेतृत्वको दबाबलाई राजनीतिक नेतृत्वले कसरी सम्बोधन गर्छ ? चासोको विषय बनेको छ ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*
- को रिपोर्ट

## अमेरिकामा विमान दुर्घटना, ६ को मृत्यु

**सान डिएगो** (एजेन्सी): अमेरिकाको क्यालिफोर्निया राज्यको सान डिएगो नगरमा बिहान बाक्लो कुहिरोबीच एक सानो निजी विमान आवासीय क्षेत्रमा खस्दा पाइलटसहित विमानमा सवार सबै ६ जनाको मृत्यु भएको छ।

अमेरिकी राष्ट्रिय यातायात सुरक्षा निकायका अनुसार ‘सेसना ५५० सिटेसन’ नामक सो विमान बिहीबार बिहान ३:४७ बजे विद्युत्को तारमा ठोक्किएर सिधै आवासीय क्षेत्रमा खसेको थियो। विमानमा आगो लागेपछि आसपासका थुप्रै घरहरूमा क्षति पुगेको बताइएको छ।

उक्त विमान चर्चित संगीत व्यवसायी डेभ शापिरोको स्वामित्वमा रहेको थियो। दुर्घटनामा उनीसहित अन्य ५ जनाको पनि ज्यान गएको छ। सान डिएगोको मर्फी क्यान्यन क्षेत्रका कम्तीमा १० घरमा विमानका भागहरू खस्दा सामान्य क्षति पुगेको जनाइएको छ। तर, जमिनमा रहेका मानिसहरूमा गम्भीर चोटपटक नपरेको जानकारी प्राप्त भएको छ।

संगीत संस्था साउन्ड ट्यालेन्ट समूहले एक वक्तव्य जारी गर्दै भन्यो, ‘हामी हाम्रो सहसंस्थापक, प्रिय सहकर्मी र साथीहरूको असामयिक निधनबाट अत्यन्त मर्माहत भएका छौं। यो कठिन घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।’ दुर्घटनाको कारण अहिलेसम्म खुल्न नसकेको एनटीएसबीले जनाएको छ।

## यार्सा टिप्न डोल्पामा झडप

बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

डोल्पाको ठाँगे लेकमा यार्सा संकलन गर्न गएका स्थानीयबीच झडप भएको छ। काइके गाउँपालिका-२ सहरतारा र ठूलीभेरी नगरपालिका-१ थालाका स्थानीयबीच दुई गाउँको सीमा नाकाको विषयमा झडप भएको थियो। विवाद बढ्दै गएपछि दुवै गाउँका बासिन्दाले भीरबाट ढुंगा खसालेका थिए।

झडप नियन्त्रणमा लिन सशस्त्र प्रहरीले दुई राउन्ड हवाई फायरसमेत गरेको जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी निरीक्षक मनिष थापाले बताए। उनका अनुसार कसले कहाँसम्म यार्सा संकलन गर्न पाउने भन्ने विषयमा दुई गाउँले बीच विवाद भएको थियो। डोल्पाका प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतका अनुसार शनिबार जिल्लाको काइके गाउँपालिका-२ सहरताराका गाउँले र ठूलीभेरी नगरपालिका-१ थालाका स्थानीयबीच यार्सा टिप्ने विषयमा पाटनमा विवाद भयो। आआफ्नो पाटनको सीमानाका भन्दै एक गाउकाले अर्को गाउँकालाई यार्सा नटिप्न भने विवाद भएको थियो।

विवाद चर्को भएपछि गाउँलेहरू ढुंगामुढा हानाहानमा उत्रेका थिए। डोल्पाका पाटनमा यार्सा संकलनका क्रममा बर्सेनि विवाद हुने गरेको छ। यार्सा सिजनमा हुने विवाद समाधानका साथै अन्य सुरक्षाका लागि सुरक्षा व्यवस्था कडा बनाइएको छ।



डोल्पाको पाटन क्षेत्रमा यार्सा संकलनका लागि गएका स्थानीय । ● अन्नपूर्ण।

प्रमुख जिल्ला अधिकारी महतका अनुसार डोल्पाको से-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज क्षेत्रमा नेपाली सेना, पाटन क्षेत्रमा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको छ। विवाद भएको ठाउँमा सशस्त्र प्रहरी परिचालन गरिएको थियो। जसका कारण विवाद समाधान गरी अब फेरि विवाद नगर्ने भनेर दुवै गाउँलेबीच सहमति भएको छ। प्रहरीले सुरक्षा घेरा बनाएर आआफ्नो क्षेत्रमा यार्सा टिप्न र विवाद नगर्न समन्वय गरिरहेको छ।

वैशाखबाट सुरु भएको यार्साको संकलनको सिजन जेठ अन्तिमसम्म हुन्छ। त्यस बेलासम्म प्रशासनले यार्सा संकलन गर्ने पाटन क्षेत्रमा विवाद र भै-झगडा हुन नदिन सुरक्षा व्यवस्था मिलाएको छ।

डोल्पामा जेठ १० गतेदेखि बहुमूल्य जडिबुटी यार्सागुम्बाको संकलन सुरु गर्ने निर्णय भएको थियो। तर, मानिसहरू त्यस अगाडि नै यार्सा संकलनका लागि पाटन गएका थिए। डिभिजन वन कार्यालयले ११ वैशाखमा गरेको सर्वपक्षीय बैठकले जेठ १० देखि यार्सागुम्बा संकलन गर्ने निर्णय गरेको थियो।

» बाँकी पृष्ठ ७

## रूस–युक्रेन कैदी आदानप्रदान

**किएभ** (एजेन्सी): युक्रेनको राजधानी किएभमा शनिबार भएको ड्रोन र मिसाइल आक्रमणमा कम्तीमा ८ जना घाइते भएका छन्। उक्त आक्रमण रूस र युक्रेनबीच कैदीहरूको आदानप्रदान भइरहेको बेला भएको अधिकारीहरूले जनाएका छन्। किएभको नागरिक तथा सैन्य प्रशासनका प्रमुख तिमुर टाकाचेन्कोले बताएअनुसार आक्रमणले सहरका विभिन्न क्षेत्रमा आगलागी गराएको र संरचनात्मक क्षति पुऱ्याएको छ। सहरका मेयर भिटाली क्लिट्स्कोका अनुसार घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर छ र उनीहरूलाई अस्पतालमा भर्ना गरिएको छ।

यसैबीच, रूसी सेनाले युक्रेनले मंगलबारदेखि हालसम्म ७ सय ८८ ड्रोन तथा मिसाइल प्रहार गरेको र तीमध्ये ७ सय ७६ वटा आफ्नो वायु सुरक्षा प्रणालीले खसालेको दाबी गरेको छ।

गत साताको इस्तानबुल वार्तामा भएको सहमतिअनुसार रूस र युक्रेनले कैदीहरूको आदान-प्रदानको पहिलो चरण केही घण्टाअघि सम्पन्न गरेका थिए। दुवै पक्षले ३ सय ९० जना कैदीहरू फर्काएका छन् र कुल एक हजार कैदी आदान-प्रदान गर्ने अपेक्षा गरिएको छ।


**सुचना! सुचना!! सुचना!!!**

**श्री सिद्धि विनायक स्न्याक्स एण्ड नुडल्स प्रा.लि. द्वारा सर्वसाधरण, उपभोक्ता तथा व्यापारीको हितमा जारी अत्यन्त जरुरी सुचना**

उपरोक्त सम्बन्धमा नवलपरासी जिल्ला, रामग्राम नगरपालिका, वडा नं. १० मा रजिस्टर्ड कार्यालय भई बुटवल उपमहानगरपालिका, वडा नं. ५, अमरपथमा मुख्य अफिस भई संचालनमा रहेको यस सिद्धि विनायक स्न्याक्स एण्ड नुडल्स प्रा. लि.ले यस कम्पनिको प्रारम्भ देखि नै आफ्नो उपभोक्ताको हितलाई शिरोपर गर्दै विभिन्न ब्राण्डका चाउचाउ उत्पादन गर्दै उपभोक्ता माझ ल्याएको त सर्वविधितै छ । त्यसै क्रममा यस सिद्धि विनायक स्न्याक्स एण्ड नुडल्स प्रा. लि.को स्वामीत्वमा रहेको र नेपालका उपभोक्ता द्वारा अत्याधिक रुचाईएको ब्राण्ड **गज्जबको पिरो**लाई नक्कल गरि सर्वसाधरण, उपभोक्ता तथा व्यापारीलाई झुक्याउने दुराशयबाट विभिन्न अन्य उत्पादकहरुले उस्तै-उस्तै देखिने **wrapper (खोल), रंग तथा कार्टुन बक्स समेत** प्रयोग गरि बजारमा अन्य नामका उत्पादनहरु बिक्री वितरण गरेको भन्ने समाचारले यस कम्पनिको ध्यानाकर्षण भएको छ ।

उक्त त्यस्ता **गज्जबको पिरो** जस्तै देखिने अन्य नक्कली उत्पादन देखि सचेत रहिदिनुहुन हामी सर्वसाधरण, उपभोक्ता तथा व्यापारी माझ अपिल गर्दछौं ।




कम्पनीको करपोरेट कार्यालय:
सिद्धि विनायक स्न्याक्स
एण्ड नुडल्स प्रा.लि.
खुशी कम्पलेक्स, बुटवल-५,
अमरपथ, रुपन्देही
फोन नं. ०७१-४३७४९५
Email: info@siddhivinayaknoodles.com


## ‘तिमी हाम्रो हृदयमा अमर छौ’

मनिका झा | *(चपुर) रौतहट*

*तिमी समाचार लेख्थ्यौं, फणिदेव*
*आज तिमीनै एउटा समाचार भयौ।*
*तिमीले लेख्ने मस्यौदा अब बाँझो छ,*
*र हामीभित्र शब्दहरू भक्कानिएका छन्।*
*जीवनले यस्तो शीर्षक लेख्ला भनेर*
*कहिल्यै सोचेका थिएनौ।*
*दैवको लीला,*
*त्यही लेख्नुपऱ्यो।*
*प्रिय फणि भाइ, तिमी छैनौ,*
*तर, तिमी हाम्रो हृदयमा अमर छौ।*
*मौन श्रद्धाञ्जलि।*



१३औं पुण्यतिथि

अन्नपूर्ण पोस्ट् दैनिकका रौतहट संवाददाता तथा एक सशक्त कलमजीवी सञ्चारकर्मी फणिदेव महतको निधनप्रति अन्नपूर्ण मिडिया नेटवर्कले दिएको यो मौन श्रद्धाञ्जलिका शब्दहरू हुन्।

बिहीबार रौतहटको चन्द्रनिगाहपुर-४ स्थित स्व. महतको घर पुग्दा हरेक कुना, काप्चा र सम्पूर्ण माहौलले उनको भौतिक अनुपस्थितिलाई खोजिरहेको थियो। घरकै भुइँतल्लामा खोलिएको रेडियो सुप्रिम ८८.७ मेगाहर्जको बन्द भइसकेको कार्यालय, उनको रित्तो कुर्सी, लामो समयदेखि नखोलिएको कम्प्युटर र टेबुलमा घोप्टो परेको कलमले एक सशक्त कलमवीरको संघर्षमय जीवनको यात्रालाई मौन रूपमा बयान गरिराखेको थियो।

आफ्नो अन्तिम समयसम्म पनि पत्रिकाको बाइलाइनमा उपस्थिति दर्ज गराउन खोज्ने पत्रकार फणिदेव महतको जीवन कुनै चलचित्रको कथाभन्दा कम छैन। उनको संघर्ष र सञ्चारकर्म प्रतिको निष्ठाले उनलाई सधैंभरिका लागि अमर बनाएको छ।

२०३६ फागुन २८ गते मकवानपुरको हटियामा बुवा रामबहादुर महत र आमा देवनायकी महतको माइलो सन्तानको रूपमा जन्मिएका फणिदेव सानो उमेरदेखि नै निकै ऊर्जावान थिए। २०५० सालतिर पाँच दाजुभाइ र एक जना बहिनी र बुवाआमासँगै मकवानपुरबाट रौतहट सरेको उनको परिवारमा फणिको छवि सरल, सहज र इमान्दार बन्दै गयो। चन्द्रनिगाहपुरकै जनज्योति बहुमुखी क्याम्पसबाट स्नातकसम्म शिक्षा आर्जन गरेका फणिले पत्रकारिता पेसालाई नै अन्तिम समयसम्म अंगाली राखे।

२०६४ सालमा नेपाल पत्रकार महासंघ रौतहट शाखाको सहसचिव भएका फणिलाई सम्झिँदै सो बेलाको कार्यसमितिका अध्यक्ष प्रेमचन्द्र झा भन्छन्, ‘उनीजस्तो व्यक्ति पत्रकारितामा पाउन निकै गाह्रो छ। मेरो कार्यसमितिमा सहसचिवका रूपमा रहँदा उनलाई मैले कहिल्यै पनि अनावश्यक तर्क बितर्कमा लागेको देखिन। आफ्नो काममा मात्रै मतलब राख्ने, सबैका लागि सहज हुने, साथीभाइहरूलाई केही दुःखपीडा आई हाल्यो भने मरिहत्ते गरेरसमेत सहयोग गर्ने स्वभाव थियो फणिजीको,’ झा उनलाई सम्झँदै भन्छन्, ‘कोरोना महामारी फैलिएको बेला पनि म दोस्रो पटकका लागि महासंघ रौतहट शाखाको अध्यक्ष भएको थिए।

फणिजी यसपालि मसँग कार्यसमितिमा हुनुहुन्नथ्यो तर, उनको जिल्लाको सञ्चारक्षेत्रमा राम्रै स्थान थियो।

» बाँकी पृष्ठ ६